## कार्यपालिका बैठक -१८

मितिः- २०७८।०१।१३

आज मिति २०७८।०१।१३ गते सोमबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १८ (अठारौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

### उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्यः-

| | | | |
|---|---|---|---|
| १ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| २ | श्री गीर्जापती चौधरी | का.सहयोगी | |

४१

# कार्यपालिका बैठक -१८

मिति:- २०७८।०१।१३

## प्रस्तावहरु:-

प्रस्ताव नं. १- निर्णय कार्यान्वयन सम्वन्धमा।

प्रस्ताव नं. २- रकम उपलव्ध गराउने सम्वन्धमा।

प्रस्ताव नं. ३ - जग्गा छनौट सम्वन्धमा।

प्रस्ताव नं. ४- व्यवसायको नाम/ठाउँ सारी सम्वन्धमा।

## निर्णयहरु:-

**निर्णय नं. १-** मिति २०७८।०१।१३ गते बसेको स्थानिय विपद व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरु अक्षरशः कार्यान्वयन गर्ने र कोभिड-१९ को संक्रमणबाट समग्र गाउँपालिकालाई सुरक्षित राख्न सबै जनप्रतिनिधी जिम्मेवार भई लाग्ने निर्णय पारित गरियो।

**निर्णय नं. २ -** हाल आइसोलेसन सेन्टर रहेको गणेशपुर स्वास्थ्य चौकीमा तार घेराबार गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम हुन आउने रकम मागमा आधारित साना पूर्वाधार कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय पारित गरियो।

**निर्णय नं. ३-** यस गाउँपालिकामा निर्माण हुने १५ शैयाको अस्पतालका लागि हाल गाउँपालिका र ६ नं. वडा कार्यालयका नाममा जग्गाधनी प्रमाण पुर्जा भएका तपसिल बमोजिमका ११ कठ्ठा जग्गा छनौट गर्ने र बढ्दौर आधारभूत स्वास्थ्य केन्द्रलाई समेत सोहि अस्पतालमा समेट्ने तथा उक्त अस्पताल निर्माणको रकम सुनिश्चितताका लागि जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय पारित गरियो।

**तपसिल:-**

| क्र.सं. | कित्ता नं. | वार्ड नं. | जग्गा धनीको नाम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५५६ | साविक खुरुहुरिया ९क | विजयनगर गा.पा.-६ नं. वडा कार्यालय खडैंचा | ०-०-१०-० | |
| २ | १५५८ | साविक खुरुहुरिया ९क | विजयनगर गा.पा.-६ नं. वडा कार्यालय खडैंचा | ०-०-१०-० | |
| ३ | १५६५ | साविक खुरुहुरिया ९क | विजयनगर गा.पा.को कार्यालय खुरुहुरिया क.व. | ०-१०-०-० | |

**निर्णय नं. ४-** विजयनगर गाउँपालिकामा सूचिकृत (दर्ता) भएका तथा घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुबाट यस गाउँपालिकामा हस्तान्तरण भएका रु. ५ (पाँच) लाख सम्म पुँजी भएका व्यवसायको नाम/ठाउँसारी गर्न निवेदन पर्न आएमा गाउँपालिकाबाट प्रचलित क़ानूनको अधिनमा रही नियमानुसार गर्ने निर्णय पारित गरियो।